
अङ्क २ कार्तिक ४, २०७९

# उषाकिरण



एभरेस्ट नेपाली लेखन मञ्चको प्रकाशन

EVEREST ENGLISH SCHOOL
ESTD 1983
BHAKTAPUR

## चम्किलो मोती: मोतीराम भट्ट

भुवनेश्वोरी सुवेदी - ९ "जनक"



स्रोत: ***wikipedia.org***

नेपाली साहित्यमा मोतीराम भट्ट सुपरिचित नाम हो। नेपाली भाषा, साहित्यमा उनले बिर्सनै नसकिने गुण लगाएका छन्। उनी दयाराम भट्टका छोरा हुन्, उनकी आमाको नामचाहिँ रिपुमर्दिनिदेवी हो। वि.सं. १९२३ सालको कार्तिकमा भोसिकोटोल, काठमाडौँमा जन्मिएका मोतीरामको आयु भने लामो रहेन। वि.सं. १९५३ सालको भाद्रकृष्ण औसीका दिन उनले यस संसारबाट सधैँका लागि बिदा लिएका हुन्। जम्माजम्मी तीस वर्षको मात्र आयु रहे पनि उनले नेपाली जगतमा अनमोल काम गरेकाले अमर बनेका छन्। 'हुने बिरुवाको चिल्लो पात' भने झैँ उनमा सानैदेखि पढाइलेखाइ प्रति निकै रुचि थियो। वनारसमा तीर्थवास गरिरहनुभएकी माहिली हजुरआमाको सेवाका लागि बाबु उतै हुनुहुन्थ्यो। पछि आमासँगै मोतीराम पनि वनारस पुगे। त्यतिखेर उनको उमेर पाँचवर्षको थियो। सुरुमा आफ्ना बाबुसँग चण्डी, रुद्री पढेका मोतीरामले 'मदरसा' मा पढेका हुन्। त्यहाँ उनले फारसी, उर्दू जान्ने मौका पाए। पछि अङ्ग्रेजी पढ्न वनारसको हरिसचन्द्र हाई स्कुलमा भर्ना भएका हुन्। काठमाडौँ फर्किएपछि दरबार हाइस्कुलमा पनि केही वर्ष पढेर कलकत्ताको जाँच उत्तीर्ण गरेका हुन्। उनी पढाइबाट कहिल्यै थाक्दैनथे। पढे, गुने मात्र ज्ञानी होइन्छ भन्ने उनलाई हेक्का थियो। त्यसैले नयाँ नयाँ कुरा जान्नका लागि उनी सधैँ अगाडि सर्थे। उनको थप पढाइको धोको चाहिँ पूरा हुन सकेन। 'एम.ए.' जाँचको तयारी गर्दागर्दै उनलाई टाइफाइडले निकै च्याप्दै ल्यायो र छ महिना थला परेपछि यसैका कारण उनको प्राणसमेत गुम्न पुग्यो। यसरी हेर्दा उनको विद्यार्थी जीवनमै इहलिला समाप्त भएको देखिन्छ तर उनले यति थोरै आयुमा पनि कति धेरै काम गरेका छन्। उनी नेपाली, हिन्दी, उर्दू, फारसी र अंग्रेजीमा समेत साहित्य सिर्जना गर्नसक्थे। अरूलाई पनि साहित्य साधनामा प्रेरणा जगाउन उनले वनारस र काठमाडौँमा 'मोतीमण्डली' खडा गरेका थिए। 'आफूले गरेको सिर्जनालाई नेपालीले सधैँ माया गरुन्।' उनको अन्तिम चाहना यही थियो। उनको चाहना अधुरो रहेन किनभने सबै नेपालीले आज पनि उनका रचनालाई निकै माया गरेका छन् र भानुभक्त आचार्यलाई दुनियाँसामु चिनाउने मोतीराम नै हुन्। उनले भानुभक्तको रामायणको खोजी गरेर दुनियाँसामु ल्याएको मात्र होइन, 'कवि भानुभक्त आचार्यको `जीवन चरित्र´ समेत प्रकाशित गरेर नेपाली जगतलाई नै गौरवान्वित बनाएका छन्। मोतीराम भट्ट बहुप्रतिभाशाली व्यक्ति थिए। उनी कुनै पनि विधा वा भाषामा मात्र सीमित रहेनन्। त्यसैले उनलाई चिनाउन कुनै पनि परिचयले पुग्दैन।उनी कवि हुन्, नाटककार हुन्, जीवनीकार हुन्, गीतकार र गजलकार पनि हुन्, समालोचक हुन्, उत्प्रेरक हुन् र सम्पादक एवम् प्रकाशक पनि हुन्। त्यसैले अचम्म लाग्दैन त ? उनीले पाएका यति थोरै आयुमा पनि यति धेरै श्रेय।

## छाउपडी: एक कुप्रथा

केरुशा खतिवडा - ८ "जानकी"

नेपाल *!!!* हाम्रो देश *!!!* हाम्रो जन्मभूमि *!!!*



स्रोत: ***karobardaily.com***

एसिया महाद्वीपको काखमा अवस्थित सानो र सुन्दर देश हो नेपाल। प्राकृतिक सुन्दरताले भरिएको यो देशलाई आफ्नो जन्मभूमि भन्न पाउँदा हामी गौरवान्वित छौं। नेपाल सुन्दर देश भएतापनि नेपालमा आजसम्म विभिन्न सामाजिक समस्याहरू जीवित छन् जसले गर्दा

नेपालको विकास, उन्नति, प्रगति र नेपालमा सुनमा सुगन्ध थप्न अवरोध पुर्‍याएका छन्। संसारकै एक विकसित देश भन्न सक्ने क्षमता भएको नेपाल, विभिन्न सामाजिक समस्याको कारण पछाडि परेको छ।
नेपालको पवित्र भूमिमा शताब्दीयौंदेखि चलिआएको एक कुप्रथा छाउपडी हो। प्राचीन कालदेखि नै निरन्तरतामा अझैं पनि ज्वलन्त रहेको प्राय : हिन्दु धर्मका धैरै समुदायहरूमा छाउपडी प्रथा मान्ने गरिन्छ। ब्रिटेनको एउटा विश्वविद्यालयले गरेको अध्ययनले छाउपडी गैरकानुनी भएको जानकारी भएपनि नेपालको कर्णाली क्षेत्रमा ठूलो सङ्ख्यामा महिलाहरूले छाउपडी अभ्यास गरिरहेको देखाएको छ। रजस्वला तथा सुत्केरी भएको बेला घरका कुनैपनि सदस्य र सरसामान छोएमा देवता रिसाउने र पाप लाग्छ भन्ने अन्धविश्वास रहदै आएको छ। यसै कारण रजस्वला तथा सुत्केरी भएका नारीहरूलाई घरभन्दा केही पर बनाएको झुपडी वा छाउगोठमा बस्न लगाइन्छ।

यस्तो गोठलाई “छाउ गोठ” भनिन्छ। रजस्वला भएका महिलाले घरभित्र प्रवेश गरेमा अप्रिय घटना घट्छ वा भगवानको श्राप लाग्छ भन्ने मान्यताको कारण नेपालको प्राय पश्चिमका जिल्लाका क्षेत्रका बालिका र महिलाहरू छाउ गोठमा बस्न बाध्य भएका छन्। रोगको सङ्क्रमण युक्त, फोहोरमैला भएको गाई, भैंसी, बाख्रा आदि बस्ने छाउपडी गोठमा बस्न बाध्य बनाई स्वच्छताबाट बन्चित भएका महिलाहरू अपमानित भएका छन्।

महिनावारी भएका ती नाबालिका र महिलाहरू त्यो अँध्यारो गोठमा रात काट्छन। त्यो कालो झुप्रो, बाहिरको चिसो हावा अनि सर्पको डर कसरी काट्छिन् त ती नारीले नौ दिन छाउ गोठमा ?

एक महिलाले भनेकी थिइन, “छाउगोठमा बसी छाउ बार्ने त मन छैन तर देवी-देवताको डरले कुसंस्कार तोड्न र छोड्न सकेका छैनौं”। महिलाको इच्छा विपरीत गरिने यस्तो प्रथा के एक घरेलु हिंसा हैन र ? छाउपडी प्रथाका कारण बालिकाहरूले विद्यालय जान पाएका छैनन् र यसले उनीहरूको पठनपाठनमा असर पुर्‍याएको छ।

छाउपडी प्रथाका कारण विभिन्न विकृतिहरू देखा पर्ने गरेका छन्। छाउपडीमा बसेको बेला बलात्कार भएको हामी सञ्चारमाध्यमबाट थाहा पाउन सक्छौं। सर्पले टोकेर बालिकाको हत्या भएको पनि हामी रेडियोतिर सुन्न पाउछौं। कतिपय महिला छाउपडीमा बसेका बेला चिसोले कठ्याङ्ग्रिएर र कतिपय बढी रक्तस्राव भएर पनि मर्ने गरेका छन्। छाउपडीको अभ्यास गर्दा महिलाहरूलाई निमोनिया र झाडापखालाजस्ता रोग लाग्ने जोखिम हुन्छ। ग्रामीण नेपालका धैरै जस्ता क्षेत्रहरूमा यो प्रथा उनीहरुको लागि संस्कृति र धर्म हो। संस्कृति र धर्मको आडमा महिलाहरूमाथि गरिने अमानवीय व्यवहारले महिला आधिकार हनन् गरेको छ। छाउपडी प्रथा गरिबी, विभेद, विकटता लगायत कैयौं समाजिक परिवेशसँग जोडिएको भन्दै यसलाई नियन्त्रणका लागि विभिन्न कोणबाट कदम चाल्नुपर्छ।

भनिन्छ नि एक महिनावारी भएकी नारीले छाईछुई गरेमा घरका कुल देवता रिसाउने, परिवारमा हानी नोक्सानी पुग्ने, शरीर सुक्दै जाने अनि अन्नबाली नाश हुन्छ,गाईभैंसीको दुध खाए दुध सुक्छ भन्ने विश्वास रहेको छ तर यो एक अन्धविश्वास नै रह्यो।

छाउपडी प्रथा उन्मुलनका कार्यक्रम
छाउपडी प्रथा जस्तो भेदभाव पूर्ण व्यवहारका विरुद्ध सम्मानित सर्वोच्च अदालतले नेपाल सरकारको नाममा वि.सं.२०६२ साल बैसाख १९ गते छाउपडी प्रथालाई कुरीति घोषणा गरी यो प्रथाको अन्त्य गर्न चाहिने आवश्यक निर्देशिका बनाई लागु गर्न आदेश जारी गरेको छ। फैसलामा भनिएको छ:

- महिलालाई छाउपडी गोठमा पठाउने प्रथालाई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले कुरीति घोषण गर्नुपर्ने।
- स्वास्थ्य मन्त्रालयले चिकित्सकहरू समेत भएको एक अध्ययन समिति बनाई यस प्रथाबाट महिला र बालबालिकामा पर्ने असर र समाधानका उपायको पहिचान गर्नुपर्ने।
- छाउपडी प्रथा विरुद्ध चेतना जगाउन स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय परिचालन गर्नुपर्ने र
- महिला तथा बालबालिका मन्त्रालयले महिलामाथि हुने यस प्रकारको विभेद अन्त्य गर्न निर्देशिका बनाई जारी गर्नुपर्ने।

मुलुकी अपराध (संहिता) ऐनको दफा १६८ (३)ले रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्ने वा अन्य भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्न नहुने उल्लेख गरिएको छ। यस्तो कसुर गरेको ठहर भए तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनसक्ने व्यवस्था नयाँ कानुनले पारित गरेको छ।

सर्वोच्च अदालतको उपरोक्त फैसलाको आधारमा सरकारले छाउपडी प्रथा विरुद्ध एउटा निर्देशिका कार्यान्वयनमा ल्याएको छ। उक्त निर्देशिकामा छाउपडी प्रथा उन्मुलन गर्नका लागि नेपाल सरकारले लागु गर्ने कार्यक्रम उल्लेख गरेको छ। ती कार्यक्रमहरू यस प्रकारका छन्:

- छाउपडी प्रथाप्रति रहेको पुरानो विश्वास मान्यता र प्रचलन विरुद्ध जनचेतना जगाउने उपायहरू अवलम्बन गर्ने।

- छाउपडी प्रथाबाट प्रत्यक्ष रुपमा प्रभावित बालिका तथा महिलाहरूलाई स्वास्थ्य सेवा तथा पोषण सम्बन्धमा जानकारी उपलब्ध गराउने।
- छाउपडी प्रथा अन्त्य गर्ने व्यक्ति, परिवार र समुदायलाई सम्मान गर्ने।

कानुनी व्यवस्थाद्वारा महिलाको मानव अधिकारको प्रत्याभूत गर्दै समतामूलक समाज स्थापना गर्ने। त्यसका साथै जिल्ला नगर र गाउँ स्तरमा समेत स्थानीय निकायको नेतृत्वमा कार्यक्रम सञ्चालन गर्ने समितिहरू गठन पनि गरिएको छ।

गत वर्ष पुष महिनाबाट सरकारले कर्णाली र सुदुरपश्चिम प्रदेशका १९ जिल्लामा छाउगोठ भत्काउने अभियान थालेपछि अहिलेसम्म ९,२१० वटा छाउ गोठहरू भत्काइएको गृह मन्त्रालयले जनाएको छ। गृह मन्त्रालयको तथ्याङ्कमा ९,२१० मध्ये ६,१४६ वटा छाउगोठ सुदुरपश्चिमको अछाम जिल्लामा मात्र भत्काइएको थियो। तर गतवर्ष सम्पूर्ण छाउ गोठहरू भत्काइए पनि अहिले झण्डै २० प्रतिशत भने आझै छन्। छाउ गोठहरू फेरि बनाइएको अछामको कमल बजार नगरपालिकाको उपप्रमुख भूमिशरण ढकालले बताउनुभएको छ।
यो छाउपडी प्रथा एक अन्धविश्वास हो। यी सबै भ्रममात्र हुन्। नेपालमा जीवित रहेको सामाजिक समस्या छाउपडी मात्र होइन नेपालमा दाइजो प्रथा, देउकी प्रथा जस्ता सामाजिक समस्याहरू पनि जीवित छन्। यस्ता समस्याहरूलाई पछि पार्दै देश विकासतर्फ लाग्नु नै एक वीर गोर्खालीको पहिचान हो।

छाउपडी
भोग्दै आएको यिनै व्यथा आमा दिदी बहिनीले
महिनावारी हुन्छ देवीलाई नी बुझ्दैन कसैले।

मान्छे पुगिसक्यो उडेर चन्द्रमामा पहिले
एक्काइसौं शताब्दीमा पनि अन्धविश्वास अहिले।
खान नपाई जाडोले कठ्याङ्ग्री मर्दै छन् कति
पिर चिन्ता छैन यहाँ आज कसैलाई पनि रति।।

- <u>राज कुमारी कार्की</u>


## नेपालको राजनीतिक ध्रुवीकरण

शुभम् ढुङ्गेल - ८ "जानकी"

"वरिपरि पहाड बिचमा ताल छ,
बुद्ध जन्मेको देशमा बुद्धिकै अनिकाल छ।"
-ट्रक साहित्य

नेपालको राजनीतिक परिवेश पहिले भन्दा झनै ध्रुवीकृत भएको छ। नेपाल अहिले एक जटिल संस्कारको बिचमा छ। यो संस्कार राजनैतिक मनोवृत्तिलाई केन्द्रबाट टाढा लैजाने र वैचारिक चरमतर्फ मोड्ने संस्कार हो अर्थात यो राजनीतिक ध्रुवीकरण हो। यसकारण नेपालको देश सञ्चालन नीति र सिद्धान्त अस्थिर अवस्थामा रहेको छ।

विश्वका कुनै पनि देशले देश सञ्चालनको निमित्त आफ्नो देश, जनता र परिवेशअनुसार एउटा संविधान निर्माण गरी सोही संविधानलाई आधार बनाई राज्य सञ्चालन गरेको पाइन्छ। यही सर्वस्वीकार्य नीति र सिद्धान्तलाई आधार बनाई नेपालमा पनि वि. सं.२००४ सालमा संविधान निर्माण गरी शासन सञ्चालन गरेको पाइन्छ। संविधान देश, काल र परिस्थितिअनुसार संशोधन हुँदै जाने गर्दछ तर नेपालमा संविधान नै परिवर्तन गर्ने र राज्य व्यवस्थालाई जनता समक्ष पुर्याउने हेतुले विभिन्न किसिमका अन्दोलानहरू मार्फत वि. सं.२०१५ वि. सं. २०१९ वि.सं.२०४७ र वि. सं.२०६२/६३ मा नँया संविधान लागु गरियो। २०६३/६३ को आन्दोलनले लगभग २४० वर्ष राज गरेको राजतन्त्रात्मक शासन व्यवस्थालाई अन्त्य गरी सङ्घीय गणतन्त्रात्मक राज्य व्यवस्था कायम गरी संविधान सभाबाट लगभग ८ वर्ष लगाएर २०७२ साल आश्विन महिनामा सङ्घीय गणतन्त्रात्मक संविधान २०७२ जारी गरियो। यस संविधानमा सङ्घिय राज्य, प्रादेशिक राज्य र स्थानीय सरकार गरी ३ किसिमका शासन प्रणाली, बहुदलीय व्यवस्था, स्वतन्त्र न्यायपालिका, द्विसदनात्मक व्यवस्थापिका, मानवअधिकार पूर्ण प्रत्याभूति, धर्म निरपेक्षता, आदि जस्ता आधारहरू समावेश गरी कार्यन्वयनमा ल्याइएको लगभग ५ वर्ष हुन लागेको छ।



स्रोत: ***nepalitimes.com***

यसरी जनआन्दोलन मार्फत संविधान सभाबाट निर्माण भएको वि.सं. २०७२ को नेपालको संविधानमा उल्लेख भएका विषयवस्तुहरूलाई आधार बनाई संविधानका कमि कमजोरीहरूलाई समय सापेक्ष नागरिकको सर्वोपरि हित र राष्ट्रियतालाई टाउकोमा राखी नेपालका दलहरूले

जनविश्वासका साथ काम गर्नु पर्नेमा त्यो नभई आपसमा खिचातानी, द्वन्द, गुट-उपगुट निर्माण गर्ने, राष्ट्रियहितभन्दा आन्तरिक हितलाई बढावा दिने, परिवार वादमा लिप्त हुने, सुशासनको नारा मात्र अल्पने र आफ्ना नातागोता, पैसा, आदिलाई प्राथमिकता प्रदान गरी योग्य र दक्षलाई पाखा लगाउने गरिएको देखिन्छ। त्यसैगरि जनआधारका रुपमा देखिएका मार्क्सवाद, लेनिनवाद र माओवाद जस्ता कम्युनिस्टमा विश्वास गर्ने दलहरू आफ्नो फाइदाका लागि जनताका अगाडि कुर्ली रहन्छन् तर व्यवहारमा भने अधिकांश त अनेक तरिकाबाट कमाउ धन्दामा लागेका छन्। जसको फलस्वरूप जनतामा निराशा पैदा भएको पाइन्छ। यसैगरी प्रजातान्त्रिक प्रक्रियाबाट सम्मुनत देश बनाई समाजवाद स्थापना गर्ने लक्ष्यका साथ आगाडि बढेका नेपालका प्रजातन्त्रवादीहरू पनि आफ्नो गन्तव्यलाई जनताको आगाडि केवल कोरा नारामा वा भाषणमा मात्र सीमित राखी विभिन्न किसिमका कमिसन, घुसखोरी, नातावाद, कृपावाद, परिवारवाद, आदि जस्ता अनेकौं काण्डहरू मच्चाइ रहेको पाइन्छ।

जनआन्दोलनबाट प्राप्त उपलब्धिमूलक संविधान २०७२ लाई संरक्षण, समर्थन र दीर्घकालीन कार्यान्वयन गर्नु र गराउनु पर्नेमा नेपालका राजनैतिक दलहरू त्यो संविधानको संरक्षणको नाममा सिद्दान्तविहीन गठबन्धन गरी हरेक क्रियाकलाप मार्फत सत्तामै टिकी देशलाई बर्बादी तर्फ धकेली रहेको पाइन्छ। राजनीति भनेको सिद्धान्तमा चल्नु पर्ने हो जुन संविधानलाई आधार मानी निर्वाचनको समयमा दलहरूले आफूले गर्ने कार्य घोषणा पत्रमार्फत जनसमक्ष प्रस्तुत गर्दछन् तर जनताबाट अनुमोदित भएपछि ती प्रस्तुत गरिएका घोषणा पत्रहरूलाई एउटा कुनामा थन्क्याई ठेक्कापट्टा र कमिसन जस्ता आर्थिक प्रलोभनमा लिप्त भई रहन्छन् जसले गर्दा देश र जनताको विकासको सट्टा नेता र पार्टीको मात्र विकास भएको पाइन्छ।



स्रोत: ***annapurnapost.com***

नेपालमा रहेका राजनैतिक दलहरूको सिद्धान्त र विचार केवल कागजको पानामा मात्र सीमित रहेको छ किनभने प्रजातन्त्रवादी दलहरू र साम्यवाद सिद्धान्त मान्ने दलहरू एक आपसमा मिल्न सक्दैनन्। सिद्धान्त, विचार र व्यवहारिक कर्म समेत भिन्नाभिन्नै बोकेका दलहरू आ-आफ्नै सिद्दान्त र विचार अनुसार जनताको सेवामा समर्पित हुने गर्दछन्। नेपालमा रहेका दलहरूको कागजी सिद्दान्त छ तर व्यवहारमा र कार्यन्वयनमा त्यो लागु हुँदैन किनभने यहाँका दलहरू आफ्नो विचार भन्दा अरुको विचारबाट निर्देशित भएको पाइन्छ। यसरी सिद्दान्त र विचारविहीन दलहरू भएका कारणले आफ्नो सिद्धान्तमा अडिग रहन सक्दैनन् र अरुको विचार र निर्देशनले जता घुमायो त्यतै घुम्दछन्। यसकारण नेपालमा रहेका राजनैतिक दलहरूको ध्रुवीकरण भइ नै रहन्छ।

नेपाल एक सुन्दर, शान्त र विशाल देश हुनुका साथै यस देशमा रहेका पर्यटन, खनिज, जडीबुटी, जलविद्युत, आदि जस्ता बहुमूल्य वस्तुहरूलाई निष्ठावान् दलहरूबाट सही निर्णयका साथ एउटै विचारका साथ सदुपयोग गर्ने नीति निर्माण गरी कार्यान्वयनमा जानसक्ने वातावरण भएमा देश विकासमा लम्कनलाई धेरै समय लाग्ने थिएन होला। तर यहाँका दलहरूको देश विकास गर्ने सोच पाउन त धेरै कठिन छ। दलहरू खाली जनता आगाडि आफ्ना सिद्धान्तलाई अलापिरहने र व्यवहारमा ध्रुवीकरण भएर जेसुकै गरेर भए पनि आफू र आफ्नो परिवार, नातागोता, ठेकेदार, आदि मार्फत कमिसन र घुसखोरीमा लिप्त रहन्छन्। हालसम्म जे हुनु भयो त्यो इतिहासले बताउला तर अब पनि आफ्नो सिद्धान्त र निष्ठामा अडिग रही बिना राजनैतिक ध्रुवीकरण देश निर्माणमा संलग्न हुन सके नेपालको भविष्य उज्ज्वल छ भन्न सकिन्छ।

## नेपालमा पर्यटनको सम्भावना

सुलक्षणा दाहाल - ९ “अरनिको”



स्रोत: ***tripadvisor.com***

नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश हो। नेपालको विकासमा नेपालको भूगोलको पनि निकै ठुलो भूमिका रहेको छ। यहाँका अग्ला हिमशृंखला, सम्म मैदान जस्तै तराईको समथर जमिन हाम्रो सान हो। नेपाल जस्तो प्राकृतिक सुन्दरताले भरिपूर्ण देशमा पर्यटनको धेरै सम्भावना छ। भौगोलिक हिसाबले मात्रै

नहेरेर भन्ने हो भने, नेपालको संस्कृति, धर्म र भाषाको पनि पर्यटनमा निकै ठुलो हात रहेको छ।

नेपालको भूगोलको कुरा गर्ने हो भने नेपाल भौगोलिक र प्राकृतिक सुन्दरताले भरिपूर्ण देश हो। विश्वका १५ वोटा अग्ला हिमालहरू मध्ये ८ वटा अग्ला हिमालहरू नेपालमा छन्। यी अग्ला हिमालहरू नेपालको लागि वरदान सावित भएका छन्। संसारको सर्वोच्च सिखर सगरमाथा पनि नेपाल मै छ। नेपालमा पर्यटन सम्भावनाको प्रमुख कारण सगरमाथा पनि हो। सबै मानिसहरूको आफ्ना आफ्नै रुचि हुन्छ। पर्वत आरोहण गर्न मनपराउने मानिसहरूको लागि नेपाल एक उत्कृष्ट स्थल हो। यी हिमालहरूलाई हेरेरअंग्रेजसम्म मन्त्रमुग्ध भएका थिए।यी हिमाल चुचुराहरूले घुम्ने मोहले विदेशबाट आउने पर्यटकहरूको ठूलो भीड तान्छ। यस्ता साहसिक आरोहण तथा पदयात्रा गन्तव्यको उचित व्यवस्थापन भएमा नेपालको पर्यटन व्यवसायलाई उच्च स्तरमा लैजान सकिनेमा कुनै शङ्का छैन। यसका अतिरिक्त नेपालमा अझैं धेरै पहाडी क्षेत्रहरू छन् जसको खोजी गर्न बाँकी छ। नेपालका अधिकांश यात्रुहरू लोकप्रिय पदयात्रा र शिखर चढ्ने मार्गहरूबारे धेरै परिचित छन्। ती लोकप्रिय मार्गहरू भन्दा फरक, नेपालमा हिमालयको कुमारी क्षेत्र अन्वेषण गर्न जाने ठूलो सम्भावना छ। हिमाली पर्यटनलाई व्यापक रूपमा प्रवर्धन गर्ने हो भने नेपालमा पर्यटन विकासको प्रशस्त सम्भावना छ। शान्तिमय वातावरण मनपराउने मानिसहरूको लागि नेपाल एकदम रमाइलो ठाउँ हो। हामी अस्ति रारा भ्रमणको लागि गएको थियौं । राराबाट फर्किने क्रममा हामी एउटा डाँफे भन्ने ठाउँमा पुग्यौ। त्यस ठाउँको दृश्य देखेर म निःशब्द भए। त्यो ठाउँ त स्वर्गको एउटा टुक्रा रहेछ। यदि यस्तो ठाउँमा विभिन्न सर-सुविधा हुने हो भने नेपालको पर्यटकीय सम्भावना बढ्नमा कुनै शङ्का छैन। मैले गूगलमा एकचोटी नेपालले पर्यटन क्षेत्रमा दिएको योगदानबारे खोज गरेकी थिएँ। त्यहाँ लेखिएको थियो कि नेपालले पर्यटनको विकासको लागि ठूला ठूला भवनहरू बनाएको छ रे तर यस्ता डाँफे जस्ता ठाउँहरूमा भने केही गरिएको छैन। यहाँ यातायातको सेवा पनि छैन। यदि यहाँ यातायातको राम्रो सेवा र बाटो राम्रो बनाउने हो भने नेपालको पर्यटनको लागि यो भन्दा उत्तम ठाउँ कुनै छैन।



स्रोत: ***trendingnetnepal.com***

नेपाल जातीय र साँस्कृतिक विविधता विश्वको नक्सामा आफ्नो आकारलाई हेर्दा अतुलनीय छ। सानो हिमाली राष्ट्रमा अर्थात् नेपालमा १२५ जातीय समूहहरू छन् जसले १२३ विभिन्न भाषा बोल्छन् र १० भन्दा बढी विभिन्न धर्महरू पछ्याउँछन्। नेपालले विविधतामा एकता देखाउँछ। यहाँ धेरै सांस्कृतिक मान्यता र चलनहरू छन्। विश्व सम्पदा सूचीमा परेका नेपालका धेरै सांस्कृतिक सम्पदाहरू सिङ्गो मानवजातिको सम्पत्ति बनेका छन्। त्यसैगरी, नेपाली संस्कृतिको सौन्दर्य र समृद्धिलाई बुझ्ने चाडपर्वहरूमध्येको एउटा रोचक माध्यम हो। नेपालको पर्यटन प्रवर्द्धन गर्ने आकर्षक क्षेत्र राष्ट्रभर छरिएका तीर्थस्थलहरूको खोजीमा छ। नेपालमा धेरै पुरातन तीर्थस्थल छन्। काठमाडौं उपत्यकामा मात्र प्रसिद्ध पशुपतिनाथ मन्दिर, स्वयम्भूनाथ स्तुपा र अन्य धेरै तीर्थस्थलहरू छन्।

देशका अन्य भागहरूमा पनि सयौं प्रसिद्ध मन्दिरहरू छन्। नेपालका केही प्रसिद्ध तीर्थस्थलहरू हुन्: बराहक्षेत्र, जनकपुर,मनकामना, लुम्बिनी, मुक्तिनाथ, गोसाइकुण्ड र खप्तड आश्रम। साथै, हिमालयलाई प्राचीन कालदेखि नै अध्यात्मको केन्द्र मानिने भएकाले यहाँ आध्यात्मिक पर्यटन विकासको उच्च सम्भावना रहेको छ।नेपालको संस्कृतिको अवलोकन गर्न गाउँ घरबाट निकै सजिलो हुन्छ।गाउँ पर्यटन एक यस्तो अवधारणा हो जसले नेपालको गाउँहरू अन्वेषण गर्ने उत्तम माध्यम प्रदान गर्दछ। नेपाल गाउँको देश हो। आधुनिक विज्ञान र प्रविधिको आगमनमा पनि परिवर्तन नभएको जीवनशैलीलाई नेपालका गाउँ–गाउँमा घुम्ने यात्रीले देख्न सक्छन्।

नेपालमा होमस्टेजस्ता अवधारणालाई प्रवर्द्धन गर्दा देशको आर्थिक समृद्धिमा परिवर्तन ल्याउन सकिन्छ। यो अर्थमा हो कि यस अवधारणा भित्र आगन्तुकहरूले स्थानीय मानिसहरूसँग केही दिन बिताउँछन् जहाँ उनीहरूलाई सम्मानित पारिवारिक अतिथिको रूपमा व्यवहार गरिनेछ। यसो गर्दा, यात्रुहरूले स्थानीय क्षेत्रमा पर्याप्त रकम खर्च गर्छन्। यस बाहेक, यात्रुहरू सौन्दर्य हेर्न, स्थानीय खानाको स्वाद लिन र स्थानीय सांस्कृतिक अभ्यासहरू हेर्न धेरै चासो राख्छन्। तसर्थ, असङ्ख्य गाउँको देश भएकाले नेपालमा ग्राम पर्यटनलाई उचित रूपमा जोड दिएमा पर्यटनको अपार सम्भावना छ।गाउँघरको मात्रै नभएर सहरको पनि पर्यटनमा निकै ठुलो भूमिका छ। काठमाडौं, पोखरा, चितवन र लुम्बिनी जस्ता सहरले यसअघि नै सिटी टुरको क्षेत्रमा निकै चर्चा पाइसकेका छन्। काठमाडौं उपत्यकामा मात्रै सातवटा युनेस्को विश्व सांस्कृतिक सम्पदाहरू छन् र यसले नेपालको समृद्ध सम्पदाको साक्षी हुने उत्कृष्ट सम्भावनाहरू प्रदान गर्दछ। त्यसैगरी, पोखरा सहर घुम्न जाँदा गजबको अनुभव हुन्छ। लुम्बिनी बुद्धको

जन्मस्थलका रूपमा विश्व प्रसिद्ध छ। यसबाहेक, चितवन नेपालमा ठूलो संख्यामा वन्यजन्तुहरूको लागि ठूलो शरणस्थान हो। तसर्थ, नेपालका यी सहरहरूको प्रवर्द्धनले नै नेपालमा पर्यटनको ठूलो सम्भावना बोकेको छ।

आतिथ्य क्षेत्र नेपाललाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवर्द्धन गर्ने महत्वपूर्ण आधार हो। नेपालको होटल उद्योगले आगन्तुकहरूलाई विश्वस्तरको आतिथ्यता प्रदान गरिरहेको भएता पनि नेपालका दुर्गम गाउँलेहरू आफ्नो निर्दोष, मिलनसार, सत्कारमूलक र सदा स्वागतयोग्य व्यवहारका कारण परिचित छन्। नेपालको ग्रामीण इलाकाको परम्परागत आतिथ्यताको शिष्टाचार बुझेर र तिनलाई भव्यताका साथ ग्रहण गर्दा नेपालका आगन्तुकहरूको ध्यान आकर्षित हुन्छ। तसर्थ, नेपालका दुर्गम क्षेत्रहरूमा रहेका नेपालीहरूको ती अतिथि सत्कार र मैत्रीपूर्ण व्यवहारको खोजी गर्दा ती क्षेत्रहरूमा पर्यटकहरूको ठूलो भीड तान्न सकिन्छ र यसले नेपालको पर्यटनको दिशा परिवर्तन गर्न सक्छ।

## बालश्रमः समस्या र समाधान

तृषा कोइराला - ९ "बुद्ध"



स्रोतः *unicef.org*

साह्रै सानो उमेरको वा व्यक्ति, केटाकेटी वा बालकलाई 'बाल' भनिन्छ भने कुनै वस्तुको उत्पादन तथा निर्माणलाई वा जीवननिर्वाहका निम्ति शारीरिक वा बौद्धिक शक्ति लगाएर गरिने काम, मिहिनेत वा परिश्रमलाई श्रम भनिन्छ। अतः बालश्रम भनेको सानो उमेरका केटाकेटीलाई कुनै वस्तुको उत्पादन तथा निर्माणमा जीवन निर्वाहका निम्ति शारीरिक काम गर्न लगाउनु हो। यसरी श्रम गर्ने बालकलाई बालश्रमिक पनि भनिन्छ। बालश्रम एक विश्वव्यापी समस्याका रुपमा देखापरेको छ र यसको समाधानका उपायहरू पहिल्याउनु अझ चुनौती नै ठहरिएको छ।

बालकहरूले पढ्ने,लेख्ने अनि स्वर्णिम भविष्यको सुन्दर बाटो समात्ने अवसरमा जोखिमपूर्ण कार्य गरिरहेका हुन्छन्। विशेषगरि आमाबाबुको गरिबी अवस्था नै त्यस्तो कारण हो जसले सुकोमल हात र मनका अबोध बालकलाई कुनै कलकारखाना,कोठी वा होटेलहरूमा कामधन्दाका लागि छाडिदिन्छन् । यसरी बाल समुदाय पारिवारिक विवशता र बाध्यताका कारण जीवन निर्वाहका निम्ति कठोर श्रम गरी नारकीय जीवनयापन गर्न बाध्य हुन्छ । कतिपय बालबालिकाहरू आमा बुबाको उपेक्षापूर्ण आचरण र सौतेनी आमाको प्रताडनाको पीडा सहन नसकेर पनि यस्तो दयनीय अवस्थामा पुगेका हुन्छन्। बालबालिकाहरू आफ्ना चाहनाहरू मातापिताबाट पूरा नभएकै कारण घरबाट निस्केर यस्तो जोखिमपूर्ण काममा लागेका हुन सक्छन् । जेसुकै भए पनि यस्तैयस्तै सामाजिक, पारिवारिक एवम् मनोवैज्ञानिक कारणहरूले बालश्रमको समस्या दिनानुदिन बढ्दै गइरहेको कुरो चाहिँ निर्विवाद नै छ।

बालकहरूको श्रम सबैभन्दा बढी शोषित क्षेत्र भनेका होटलहरू, पसलहरू ,मिठाई पसलहरू र गलैंचा कारखानाहरू हुन्। होटलहरुमा बिहानदेखि लिएर मध्यरातसम्म बालकहरू जुठाभाँडा माझ्दै बसेका दयनीय दृश्यहरू सर्वत्र देख्न पाइन्छ। पसलहरूमा ठूला र गरुङ्गो भारी बोकेर बालबालिकाहरूले आफ्नो उमेर र अवस्थाभन्दा धेरै श्रम गर्नु परिरहेको देखिन्छ। कतिपय बालबालिकालाई जबर्जस्ती अपहरण गरी बेचबिखन गरिएका नमीठा घटना सुन्न र पढ्न पाइन्छ नै। गरिब आमाबुबालाई केही रकम ऋण दिएर त्यसको ब्याजको बदलामा बालकलाई आजीवन काम लगाउने गरेकोपनि यादकदा सुनिन्छ।

बालबालिकाहरूलाई केही रुपियाँ दिएर श्रम गराउनुको परिणाम धेरै नराम्रो हुन्छ जस्तै उनीहरू शिक्षित हुन पाउँदैनन्। जुन उमेरमा बालिबालिकाले शिक्षा हासिल गर्ने हो, खेलकूदको माध्यमले शारीरिक र मानसिक विकास गर्ने हो, त्यस उमेरमा काम गराएर बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक र सामाजिक विकास अवरुद्ध पार्नु कहाँसम्म उचित हो ? शिक्षा प्राप्त गर्नु बालबालिकाका लागि एउटा प्रमुख अधिकार हो। शिक्षाबाट कुनै पनि बालबालिकालाई वञ्चित गर्नु सबैभन्दा ठूलो अपराध हो। बालबालिकालाई कलकारखानामा काम गराई उनीहरूको जीवनसँग खेलवाड गर्ने व्यवसायीलाई कठोरभन्दा कठोर सजाय दिनुपर्छ। कुनै पनि बालबालिकाको लागि बालश्रम धेरै खतरनाक हुन्छ। बालश्रम हाम्रो समाजको अभिशाप हो। यसलाई रोक्ने धेरै उपाय छन्। जस्तै सबैभन्दा पहिले घर वा कार्यालयमा कुनै पनि बालबालिकालाई काममा राख्नु हुँदैन। सधैं के स्मरण गर्नुपर्छ भने उनीहरूसँग काम लिएर त्यसबापत पैसा दिएर वा खाना खुवाएर उनीहरूमाथि कृपा वा सहयोग गरेको ठहर्दैन्। यो उनीहरूको जीवनसँग खेलवाड गरिएको हो। यदि कोही बाध्यतावश तपाईंको घर वा व्यवसायमा काम गरिरहेको छ भने उसलाई उचित शिक्षा दिलाउने र ऊसँग आफ्नै

सन्तानजस्तो व्यवहार गर्ने तपाईंको नैतिक दायित्व हुन्छ अन्यथा तपाईं पनि सजायको भागीदार बन्नुहुन्छ। अर्कोतिर बालश्रम रोक्न बलियो कानुन बनाउनुपर्छ। गरिब आमाबुवाले पनि आफ्नो सन्तानको शिक्षामाथि पूरा ध्यान दिनुपर्छ किनभने आज हाम्रो सरकारले निशुल्क शिक्षा र विद्यालयमै खाजाको समेत व्यवस्था गरेको छ। यसैगरी बालश्रमबारे सबैभन्दा पहिले बालश्रम गराउने परिवारसँग कुरा गर्नुपर्छ र उनीहरूलाई यसको दुष्परिणामबारे बुझाउनुपर्छ। यदि कहीं बालश्रम भइरहेको छ भने त्यसको जानकारी नजिकको पुलिस चौकीमा दिनुपर्छ। हाम्रो यस सानो प्रयासले नेपाल बालश्रम मुक्त देश हुन सक्छ।

## युक्रेनमा रसियाको आक्रमण

नमन दाहाल - ८ "पारिजात"



स्रोत: ***ned.org***

१० नोभेम्बर २०२१ मा रुसले युक्रेनको सीमामा आफ्ना सैनिक तैनाथ गर्न थालेको खबर पहिलो पटक बाहिर आएको थियो। एक लाखभन्दा बढी रूसी सेना युक्रेनको सीमानामा उपस्थित थिए। युक्रेनमा जनवरीको मध्यदेखि फेब्रुअरीको सुरुसम्ममा कुनै पनि समयमा आक्रमण हुने सम्भावना थियो। अमेरिकी राष्ट्रपति जो बाइडेनले भनेका थिए, "यदि रुसले युक्रेनमा आक्रमण गऱ्यो भने त्यसको गम्भीर परिणाम हुनेछ"।

डिसेम्बरसम्ममा यो खबर अमेरिकी गुप्तचर निकायसम्म पुगेको थियो। अमेरिकी राष्ट्रपति जो बाइडेनले रूसी अधिकारीहरूलाई चेतावनी पनि दिएका थिए । उनले युक्रेनमा कुनै किसिमको आक्रमण भएमा रुसले गम्भीर परिणाम भोग्नुपर्नेछ भनेर धम्क्याएका थिए। १७ फेब्रुअरीका दिन समाचार बाहिरियो कि रुसले आफ्ना सैनिक फिर्ता गरिरहेको छ। रुसले स्पष्ट रूपमा सैनिकीकरण गरिरहेको थियो तर यो समाचार झुटो साबित भयो। विशेषज्ञ भन्छन्- चीनले रुसलाई दबाब दिएको थियो कि बेइजिङ ओलम्पिकको अन्त्यसम्म आक्रमण हुन दिनुहुन्न। चीन आफ्नो छविमा आँच आउन दिन चाहँदैन थियो। बेइजिङ ओलम्पिकको अन्तिम दिन (२० फेब्रुअरी) को भोलिपल्ट (२१ फेब्रुअरी) रसियाका राष्ट्रपति भ्लादिमिर पुटिन विश्व सामु युक्रेन विरुद्ध लडाइँको घोषणा गर्छन्।

सन् २०१४ मा छुट्टिएको युक्रेनको क्षेत्र डोनेट्स्क र लुहान्स्कले आफ्नो छुट्टै गणतन्त्र घोषणा गरेका थिए । रुसले यी दुई पृथकतावादी क्षेत्रहरूलाई सैन्य सहयोग दिएर सकेसम्म मद्दत गर्ने प्रयास गरेको छ। उनीहरूलाई कोभिड भ्याक्सिन उपलब्ध गराउने जत्तिकै आर्थिक सहयोग गरेको छ। २०१५ मा मिन्स्क (Minsk) सम्झौतामा हस्ताक्षर गरिएको थियो। त्यस अनुसार युक्रेनले यी क्षेत्रहरूलाई विशेष दर्जा दिनुपरेको थियो। पुटिनले भने कि रुसले ती क्षेत्रहरूलाई स्वतन्त्र देशको रूपमा लिनुपर्नेछ। उनले ती क्षेत्रमा आफ्नो सेना पठाएका थिए। त्यसैले त्यसलाई अतिक्रमण भन्न पुगियो। पुटिनको यस कार्यले मिन्स्क सम्झौता तोडिएको थियो।

सोभियत युनियन टुटेपछि, हरेक ६-७ वर्षपछि, रुसले आफ्नो छिमेकी मुलुकमा यस्तो कार्य गर्दै आएको छ। रुसले सेना अघि बढाएर युक्रेनलाई हमला गर्नेछ भन्ने समग्र संसारलाई डर थियो। युक्रेन नेटो (NATO) को सदस्य नभए पनि नेटोले विभिन्न प्रकारको सहयोग गरेको थियो। रुसले शाब्दिक रूपमा अन्य देशहरूलाई धम्की दिएको थियो कि तिनीहरूले परमाणु बम प्रयोग गर्नेछन्,अरु कुनै देशले हस्तक्षेप गरेमा युक्रेन युद्ध एक महिनाभन्दा बढी चलेको थियो। प्रत्येक दिन अधिकभन्दा अधिक रूसी र युक्रेनी सैनिकहरू मरिरहेका थिए। त्यस समयसम्म भएको शान्ति सम्झौता, प्रतिबन्ध र युद्ध विरोधी गतिविधिहरु संयुक्त राष्ट्रसङ्घको पछिल्लो अनुमानमा ५,५०० भन्दा बढी सर्वसाधारण मारिएका छन्। तर यसले निरन्तर रूपमा यो तथ्याङ्कलाई कम गणना गरेको छ, जसरी यसको कुल हताहतको अनुमान छ। सबै असफल भएका थिए। लगभग १ करोड युक्रेनियनले आफ्नो घर छोड्नु परेको थियो। यस लडाइँको मुख्य कारण- रसिया चाहँदैन थियो कि युक्रेन NATO मा संलग्न होस्। लडाइँ अहिलेसम्म पनि अन्त्य भएको छैन। रुस त्यही चाहन्छ युक्रेनको दक्षिणपूर्वी भाग क्रिमियादेखि युक्रेनको अलगाववादी क्षेत्रहरूसम्म छुट्टै देशको रूपमा स्वीकार गर्नुपर्नेछ। युक्रेन केही हदसम्म सम्झौता गर्न तयार छ।

तर के युक्रेनले यो हुन दिनेछ? त्यो सबैभन्दा महत्त्वपूर्ण प्रश्न हो। यस मुद्दालाई राम्रोसँग बुझ्नको लागि, हामीले रूस र युक्रेनको इतिहासमा जानुपर्छ। समस्या सन् १९९१ देखि सुरु भएको हो। सोभियत सङ्घ वा सोभियत सङ्घ भएको वर्ष १५ देशहरूमा विभाजित भयो। जसमध्ये सबैभन्दा ठूलो रुस थियो र युक्रेन पनि सोभियत सङ्घको हिस्सा थियो। रुस र युक्रेन रुसी साम्राज्यका अङ्ग थिए।

युक्रेन अरू राष्ट्र जस्तै स्वतन्त्र युरोपेली राष्ट्र बन्न चाहन्थ्यो। पुटिनले युक्रेन रुसी इतिहास र संस्कृतिको अपरिहार्य अंश हो भन्ने दाबी गरेका छन्। पुटिनले युक्रेनलाई रुसको हिस्सा मान्छन्। अप्रिल सन् २०१७ को एक सर्वेक्षण अनुसार,५३ प्रतिशत युक्रेनीहरू युरोपेली सङ्घमा सामेल हुने पक्षमा थिए र ४६ प्रतिशत युक्रेनीहरू NATO मा सामेल हुने पक्षमा छन्। NATO संयुक्त राज्य अमेरिका र युरोपेली देशहरू बीचको गठबन्धन हो। बितेको केही समयमा धैरै शान्ति सम्झौता भएका छन् र ती सम्झौताको सकारात्मक परिणाम देखिएको छ।

## माटो जोगाऔँ, जीवन बचाऔँ

अङ्गना गुरागाईं - १० "ताज महल"

जीवनको आधार हो माटो
आउँदैन कुनै विकल्प यसको साटो ।।



स्रोत: ***news18.com***

मृत्युलाई जीवनमा परिणत गर्ने एकमात्र जादु भनेकै माटो हो। एक उब्जाउ माटोमा ताजा, पोषिलो र स्वस्थ खाद्य उत्पादन हुने गर्छ र त्यस्ता खाद्य सामग्रीहरू पछि गएर यस पृथ्वीको हरेक व्यक्तिलाई खान योग्य बन्छ। अहिले हामीसँग जे छ सबै माटोको कारणले भएको हो। यदि माटो नभएको भए जीवनको कल्पना समेत गर्न सकिँदैन थियो। माटोलाई सबै कुराको जननी वा आमाकारुपमा लिन पनि सकिन्छ, किनभने यो संसारको हरेक कुराको निर्माण माटोमाथि नै भएको छ। हामीले दैनिकरुपमा खानेकुरादेखि लिएर हामीले लगाउने लुगा, बस्ने घर, सुत्ने ओछ्यान, लेख्ने-पढ्ने किताब, कागज आदि सबै चिज माटो बिना सम्भव छैन। हरेक कुराको एक मूल स्रोत हुन्छ र त्यसै स्रोतको नाम माटो हो।

माटोलाई हामीले धुलोको रूपमा मात्र लिने गर्छौं तर वास्तवमा एक चम्चा माटोमा पनि यो पृथ्वीमा भएका मानिसहरूको जनसङ्ख्याभन्दा बढी जीवहरूको सङ्ख्या हुन्छ। हुन त माटो जीवनको मूल आधार हो तर अहिले कृषि उद्योग र अन्य विभिन्न उद्योगधन्दाहरूको पनि विकाससँगै रासायनिक मलको प्रयोग बढेको छ। यसका साथसाथै विभिन्न विषादीको प्रयोग बढेको हुँदा माटोको उर्वरा शक्तिलाई घटाएको छ, जसले माटोको संरचनालाई नै क्षति पुऱ्याएको छ। कृषि क्षेत्र, वनजङ्गल, राष्ट्रिय निकुन्ज फाँडिएका कारण र धैरै उद्योगधन्दाहरूबाट निस्कने हानिकारक पदार्थको कारण माटोमा धैरै हानि पुगेको छ।

माटोको रक्षा र संरक्षण गर्नु हाम्रो कर्तव्य हो। यदि माटो नभए जीवनको झलक पनि देख्न पाइँदैनथ्यो। माटो करोडौँ वनस्पति, जीवजनावर, पशुपंक्षी, चराचुरुङ्गी, बोटवृक्ष समेतको घर हो। यो सबै वनस्पतिको आश्रय स्थल हो। सायद माटो नभएको भए हामी श्वास फेर्ने स्थितिमा समेत हुँदैन थियौँ होला। हामी सबै माटोमाथि निर्भर छौँ। माटोको नाश भनेको जीवनको नाश हो भनेर बुझ्न कठिन छैन।
धैरै कारणले विश्वव्यापी रूपमा ५२ प्रतिशत कृषियोग्य माटो क्षीण भइसकेको तथ्याङ्कले देखाएको छ। यदि वातावरणसँगै माटोको संरक्षण भएन भने सबै जीवनको अन्त्य पनि हुन सक्छ। हरेक कुराको पतनले माटोको पतनको सङ्केत गर्ने गर्छ। सबैले समाजमा देखिएका समस्या, वातावरणमा देखिएका समस्या, वातावरणका स्रोतहरुमा देखिएका समस्या, प्रदूषणबाट आएका वा आउन सक्ने समस्या, प्राकृतिक प्रकोप, यसका कारण र यसले लिएर आउने समस्याका बारेमा त ध्यान दिने गरेका छौँ, तर माटोमा आएका समस्याका बारेमा भने हाम्रो ध्यान जान सकेको छैन। यदि यसलाई बेलैमा ध्यान दिई त्यसमा सुधार गरिएन भने भविष्यमा धैरै समस्याको सामना गर्नुपर्ने हुन सक्छ।

अहिले आएर मानिसहरुमा माटो भनेको खनिज पदार्थ र चट्टान वा त्यसको धुलो मात्र हो भन्ने गलत धारणा छ। हुन त माटो यस धर्तीको जग हो तर जसरी यसको प्रयोग गलत रूपमा भइरहेको छ यसले छिट्टै नै माटोको उर्वरा शक्तिलाई घटाइरहनेछ।

माटो भनेको बालुवा र जैविक पदार्थको मिश्रण भनेर बुझिन्छ। अर्थात् माटोलाई अर्को भाषामा जान्ने हो भने बालुवामा कुनै पनि जैविक पदार्थ भएको स्थिति हो भनेर बुझ्न सकिन्छ। यस पृथ्वीको ८७ प्रतिशत जीव र जीवनको सङ्ख्या माटोमा निर्भर छन्। तर अहिले बढ्दो जनसङ्ख्यासँगै माटोको उपयोग बढिरहेको छ। उपयोग बढ्नुसँगै जमिनमा पाउनुपर्ने खनिज पदार्थहरू घटिरहेका छन्। यो घटेकै कारण विश्वमा विभिन्न समस्या देखा परिरहेका छन्। यसले गर्दा धैरै वनस्पति, जीवजनावर, पशुपंक्षी, चराचुरुङ्गी र बोटवृक्ष आदिलाई हानि पुगिरहेको छ।

माटोले यस धर्तीका हरेक प्राणीको खाद्यशृंखला (फुड चेन) लाई पनि एक तरिकाले समर्थन दिइरहेको हुन्छ। माटोमा कार्बनलाई भण्डारण गर्ने क्षमता एउटा बिरुवाभन्दा बढी हुन्छ। यसले कार्बन तत्त्वलाई वातावरणबाट हटाई वातावरण संरक्षण गर्न ठूलो भूमिका खेलेको हुन्छ।

माटोमा जम्मा भएको पानीमा ६५ प्रतिशत पिउन योग्य पानी रहेको हुन्छ। खेतीमा प्रयोग हुने ९० प्रतिशत पानी माटोबाट नै प्राप्त भएको हुन्छ। जमिनमा भएको पानीलाई सफा र पिउन योग्य बनाउने महत्वपूर्ण भूमिका माटोको हुन्छ। स्वच्छ भूमिको माटोमा पानी सोस्ने गुण हुन्छ र बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपबाट सुरक्षित राखेको हुन्छ।
माटोमा वातावरणमा भएको प्रदूषण फैलाउने तत्त्वलाई शोषण गर्ने क्षमता हुन्छ र यो क्षमतालाई उपयोग गरेर हावामा भएका प्रदूषण फैलाउने त्यस्ता तत्त्वको अन्त्य गर्ने काम पनि माटोले गर्छ। हामी सबैलाई अक्सिजन प्रदान गर्ने र वनजङ्गलका बोटबिरुवाहरूलाई चाहिने जति "कार्बनडाइअक्साइड" पनि माटोले प्रदान गरेको हुन्छ। यसरी सबैको जीवनशैली माटोबाट नै चलेको हुन्छ।

स्वस्थ माटोमा विभिन्न पोषक तत्त्व, पानी, अक्सिजन्, कार्बनडाइअक्साइड र अरू बोटबिरुवाहरू बढ्न, फस्टाउन र स्वस्थ रहन चाहिने हरेक वस्तु माटोले प्रदान गर्छ र बोटबिरुवालाई उम्रिने वातावरण तयार पार्ने काम गर्छ। धेरै गर्मीबाट पनि बचाउन र बोटबिरुवाको तापक्रमलाई व्यवस्थित राख्ने काम पनि माटोले गर्छ। जसरी स्वस्थ माटोमा पानीलाई शोषण गर्ने क्षमता हुन्छ त्यसरी नै जुन जमिनको माटोको उर्वराशक्ति हुन्छ, त्यसलाई त्यहाँ बसेका बासिन्दाहरूले सही रूपमा उपयोग नगरेको कारण त्यस्तो माटो मरुभूमिमा परिणत हुने हुन्छ। त्यस्तो अवस्था भएको भूमिमा बाढी र पहिरो आउने सम्भावना अधिक हुन्छ।

एउटा उत्तम श्रेणीको गुणस्तर भएको माटोमा गँड्यौला घुम्ने गर्छ र त्यही गँड्यौला घुमेको र मल बिष्टाएको कारण माटो खुला र उर्वर हुन्छ। त्यस्तो खुला माटोमा भएको उब्जाउले करोडौं जीवहरू जीवित रहन सहयोग गर्छ। गँड्यौलालाई एउटा किसानको साथी भनेर पनि चिनिने गरिन्छ। किनभने जब माटोमा गँड्यौलाले घस्रेर खाली ठाउँ बनाउँछ त्यो माटो खुला हुन्छ। माटोमा पानी पस्ने ठाउँको निर्माण हुन्छ, साथसाथै गँड्यौलाले गर्दा माटोमा भएका माटोको गुणस्तर बढ्छ। तर अहिले औद्योगिक क्रान्तिसँगै खाद्य सामग्रीका लागि खेतीयोग्य माटो खोज्न थालियो र खोज्ने क्रममा धेरै रुख काटिन थालिएको छ। त्यसै कारणले त्यो भूमि नाङ्गो भयो। पहिलो फसल त जमिनमा जैविक सामग्री भएका कारण राम्रो भयो तर त्यो फसल काट्न थालेपछि बाँकी भएको फसलको भागलाई बालेर नष्ट गरियो। त्यसका साथसाथै माटोमा विषादी र विभिन्न रासायनिक मलको प्रयोगले गर्दा त्यस जमिनको माटोको गुणस्तर विस्तारै घट्न थाल्यो। यसले गर्दा उत्तम श्रेणीको गुणस्तर भएको माटो विस्तारै मरुभूमिमा परिणत हुँदै गयो।

लगभग हरेक समस्याको लक्षणहरू हुन्छन्। पृथ्वीमा रहेका सबै प्रकोपहरूको जड कुरा भनेको माटोको पतन हो, यसको क्षय हो। यदि यस पतनलाई रोक्नु छ भने अहिलेदेखि नै सतर्क हुन जरूरी भएको छ। कुनै पनि कुरा हामी आफैं काममा नलागेसम्म साकार हुन सक्दैन। त्यसैले यदि हामी वर्तमान समयदेखि नै यसको संरक्षणमा लाग्यौं भने आफ्नो कार्यमा सफल हुन सक्छौं र माटोको संरक्षणमा आफ्नो भूमिका खेल्न सक्छौं, माटोलाई बचाउन सक्छौं। यदि एक भएर काम गरियो भने, यदि जागरूक नागरिक भई सबै मिली काम गरियो भने माटोको संरक्षण गर्न सकिन्छ। यदि माटोको संरक्षणमा हामी सफल भयौं भने हाम्रा जीवनका समस्याहरू घट्छन्, ती समस्याहरुको समाधानसँगै माटोको संरक्षण समेत हुन्छ।

नेपालमा कृषियोग्य जमिनको कुरा गर्ने हो भने अहिले ६५ प्रतिशत मात्र जमिन कृषियोग्य छ। विश्वमा अहिले खेतीयोग्य जमिन नै ४५-५० वर्षका लागि ८०-१०० चोटी फसल उमार्न सकिने अवस्थामा हामी पुगिसकेका छौं। माटोको गुणस्तर घटेसँगै हामीले दैनिक खाने चिजहरूबाट ९० प्रतिशतसम्म पोषक तत्त्व घटिसकेको अनुमान छ। माटोलाई जीवित राख्न ३-६ प्रतिशत अर्गानिक कम्पोनेन्टको आवश्यकता हुन्छ । यदि यसको आवश्यकतालाई पूरा गर्न हामीले माटोलाई बचाउन जरूरी छ। जसबाट हामीले पृथ्वीका सबै जीव र जीवनलाई जोगाउन सक्छौं।

“त्यसैले सबै जना एकजुट भएर लागौं र माटो जोगाउन आफ्नो सक्दो योगदान गरौं।”

## मेयर बालेन्द्रद्वारा अवैध संरचना नष्ट

उत्कृष्ट पराजुली - १० “पिरामिड”

“कसैले त गर्नु पर्थ्यो, अन्त त बालेनले गरे ।”



स्रोत: *nepallivetoday.com*

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले सहरका महत्वपूर्ण व्यावसायिक भवनमा रहेका अवैध संरचना भत्काउने काम जारी राखेका छन्।

मेयर बालेन्द्र शाहले नगरका विभिन्न स्थानमा रहेका अवैध संरचना भत्काएका छन्। केही दिनअघि महानगरपालिकाले नयाँ बानेश्वर, काठमाडौं मल र आर.बी. कम्प्लेक्समा रहेका व्यावसायिक भवनका केही अवैध संरचना भत्काएको थियो। शाहले नयाँ बानेश्वरस्थित अल्फा हाउसमा गएर भवन मालिकलाई भवनको खाका पेश गर्न निर्देशन दिए। सञ्चालक र मेयर शाहबिच असहमति समेत भएको थियो। पछि मेयर शाहले भवनको बेसमेन्ट अवैध देखिएपछि भत्काएका थिए।

काठमाडौं महानगरपालिकाले व्यावसायिक भवन सञ्चालकलाई ३५ दिनको समय दिएर सवारीसाधन पार्किङका लागि बेसमेन्ट खाली गर्न अभियान थालेको हो। मेयर बालेन्द्र शाह (बालेन)ले अतिक्रमण गर्नेलाई कानुन मिच्न नदिने बताए। 'डिजाईन स्वीकृति प्रक्रियामा पार्किङको उद्देश्य तोकिएको अवस्थामा सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण गरी भुइँ तल्ला वा बेसमेन्टलाई पसलको रूपमा प्रयोग गरी गरिने अवैध निर्माण कार्य स्वतः गैरकानुनी हुन्छ,' उनले विज्ञप्तिमा भनेका छन्। उनले प्रचलित कानुन उल्लङ्घन गर्नेलाई कारबाही गर्ने प्रतिबद्धता जनाएका छन्।

मेयर शाहले ब्लु प्रिन्ट विपरीत बनेका संरचना सहितका व्यापारिक परिसर भत्काउने कार्यलाई निरन्तरता दिइने बताए। 'पार्किङ एरियामा बनाइएको भवनको डिजाइन विपरीत बनाइएका गैरकानुनी संरचना कसैले पनि प्रयोग गर्नु हुँदैन। सबैले आफैं बुझेर अनाधिकृत संरचना हटाउनु पर्छ,' उनले भने।

भवन निर्माण मापदण्ड २०६४ अनुसार शैक्षिक भवनका लागि १५ प्रतिशत र होटल, थिएटर, कम्प्लेक्स, पोली क्लिनिक, सरकारी तथा गैरसरकारी भवनजस्ता व्यावसायिक भवनका लागि २० प्रतिशत जग्गामा पार्किङको व्यवस्था हुनुपर्नेछ।

का.म.पाले आर्थिक वर्ष २०७५/०७६ देखि २०७९/०८० सम्म १० हजार वर्ग फिटभन्दा बढी क्षेत्रफलका २७८ भवनको नक्सा स्वीकृत गरेको छ। सहरी विकास तथा भवन निर्माण विभागका प्रमुख सुरज शाक्यका अनुसार चालु आर्थिक वर्षमा क्रमशः ८६, ७७, ६५ र ५० भवनको नक्सा स्वीकृत भएको छ । यीमध्ये धेरैजसो भवनहरूले पार्किङ गर्ने ठाउँलाई उद्देश्य बाहेक अन्य प्रयोजनका लागि प्रयोग गरेको पाइन्छ।

का.म.पाले यसअघि बानेश्वर, सुन्धारा र दरबारमार्गमा गैरकानुनी रूपमा निर्माण गरिएका संरचना भत्काएको थियो।

यसैबीच कीर्तिपुर नगरपालिकाले पनि अवैध संरचना भत्काउन थालेको छ। वडा नम्बर १० नयाँबजारमा रहेको नगरपालिकाको नयाँ कार्यालय भवन नजिकैको घरको कम्पाउण्डमा बनेको अवैध संरचना भत्काइएको मेयर राजकुमार नकर्मीले जानकारी दिए। कसैले त यो कामको थालनी गर्नुपर्थ्यो, र अन्त्यमा बालेनले गरे।

यसले केहीलाई अस्थायी रूपमा असर गरे पनि स्थायी रूपमा सबैलाई फाइदा पुग्छ। बालेनले शक्ति भएका र नभएकाबिच भेदभाव गर्नु हुँदैन। सबैलाई समान व्यवहार गर्नुपर्छ।

## विज्ञान के हो ?

रोमहर्षण ढुंगेल - ८ "जानकी"



स्रोत: *weforum.org*

विज्ञान भनेको प्रमाणको आधारमा व्यवस्थित पद्धतिको अनुसरण गरी प्राकृतिक र सामाजिक संसारको ज्ञान र बुझाइको खोजी र प्रयोग हो। विज्ञानले सामान्य एवम् आधारभूत ज्ञान तथा सत्यहरूको खोजी

गर्दछ। अध्ययनको विषयको आधारमा विज्ञानलाई विभिन्न शाखामा विभाजन गर्न सकिन्छ। भौतिक विज्ञानले भौतिक संसारको, खगोल विज्ञानले ब्रह्माण्डको, रसायन विज्ञानले रसायनिक तत्वहरूको, जीवविज्ञानले जैविक पक्षका विविध आयाम र यसका प्रक्रियाहरूको अध्ययन गर्दछ। त्यसैगरी मानवशास्त्र, अर्थशास्त्र र राजनीतिक शास्त्र जस्ता सामाजिक विज्ञानहरूले मानव व्यवहारको सामाजिक, सांस्कृतिक तथा राज्य व्यवस्थाका पक्षहरूको अध्ययन गर्दछ।

त्यसो त आम रुपमा विज्ञान भन्ने वित्तिकै रकेट, रसायन जस्ता जटिल, अमूर्त र प्राविधिक विषय मात्र हुन् भन्ने जड मान्यता रहेको पाइन्छ तर विज्ञान त्यस्तो नभएर सामान्य ज्ञानलाई प्रमाणित गर्न तथा त्यस ज्ञानका विविध पक्षहरूको उजागर गर्न सकृय रहन्छ। अतः विज्ञान मानव अस्तित्व भन्दा अघिदेखि रहेको थियो जसलाई मानव मष्तिष्कले उजागर गरिदियो। मानव जातिको सुरुवात भएसँगै विज्ञान पनि समय अनुसार विकास हुँदै गयो।

ढुङ्गे युगमा विज्ञान भनेको ढुङ्गा तथा हड्डीबाट हातहतियार बनाउनु, आगो पत्ता लगाउनु, पात र छालाले शरीर ढाक्नु थियो।त्यसपछि आएको कृषि युगमा विज्ञान कुन अन्न खानु हुने कुन नहुने, तिनीहरूको खेती कसरी गर्ने, जनावरहरूलाई के खुवाउने, कसरी पाल्ने, कपासबाट धागो बनाई लुगा बनाउन सिक्नु लगायतका विषयमा केन्द्रित हुन पुग्यो। जेम्स वाटले बाफबाट चल्ने इन्जिन बनाएर औद्योगिक युगमा विज्ञानको शङ्खघोष गरे। यस युगमा विज्ञान विविध प्रकारका मेसिनहरू बनाई त्यसलाई औद्योगिक प्रयोजनमा ल्याउनमा तल्लिन रह्‍यो। यसै समयमा हामीले आधुनिक विज्ञानको झल्को देख्न थाल्यौं।

विज्ञानको पछिल्लो कडीका रूपमा रहेको सूचना युग सन् १९७० को दशकदेखि सुरु भयो र आज पनि जारी छ। यस युगको सबैभन्दा ठूलो खोज भनेको कम्प्यूटर, मोबाईल फोन र इन्टरनेट रहे। अतः यसलाई कम्प्युटर युग, डिजिटल युग वा नयाँ सञ्चार युग पनि भनिन्छ। यो युगको क्रान्ति भनेकै सूचना र ज्ञानको स्रोतमा सजिलै सबैको पहुँच पुग्नु हो। यसै युगको पछिल्लो दशक विज्ञान कृतिम बुद्धिमत्तामा केन्द्रित हुन पुगेको छ। यस युगले मानिसहरूको सोच्ने तरिका, काम गर्ने शैली, जीवन शैली, रोजगारीको विविधता, समय बचत गर्न, मनोरञ्जन, खाद्य उत्पादनमा वृद्धि जस्ता जीवनका आधारभूत पक्षमै आमूल परिवर्तन ल्याइदिएको छ।

कुनै पनि विषय पूर्ण हुँदैनन् त्यसैले त विज्ञानको औचित्य रहन्छ। तसर्थ विज्ञानका सकारात्मक पक्षहरू मात्र छैनन्। कतिपय अवस्थामा विज्ञानलाई हानिकारक उद्देश्यका लागि प्रयोग गरेको पाइन्छ। गैरकानूनी तथा आतंकवादी गतिविधिहरू गरी आतङ्क फैलाउने, आणविक शक्ति र परमाणु बमको उत्पादनका कारण छाला लगायतका खतरनाक रोगहरु लाग्ने संभावना रहन्छ। त्यसो त कतिपय अवस्थामा विज्ञान हातहतियारको माध्यमद्वारा मानिसहरुको मृत्युको कारण पनि बनिरहेको हुन्छ। औद्योगिक विकाससँगै प्राकृतिक सुन्दरताको नाश हुनुको अलवा जलवायु र पर्यावरणमा गम्भिर असर परिरहेको हुन्छ।

अन्त्यमा, मानव जाती विज्ञानकै मद्दतबाट अहिलेको युगसम्म आइपुगेको हो भन्ने कुरामा कसैको दुई मत छैन। अब विज्ञानका विविध पक्षलाई विचार गर्दै यो अगाडि बढ्नेछ। अबको विज्ञान मुख्यतः मङ्गल ग्रह र चन्द्रमामा मानव बसोबास गराउने विषयमा केन्द्रित हुने लक्षण देखिन थालेको छ। जसमा संसारकै धनाढ्य इलोन मस्केदेखि वैज्ञानिकहरूको अग्रणी संस्था 'नासा' सम्म खोज र अनुसन्धानमा लागेका छन्। म अब विज्ञानले प्रगति बाहेक अरु केही पनि गर्न जान्दैन। आउने दशकहरूमा विज्ञानले निकै ठूलो मोड लिनेछ र हाम्रो कल्पनाशक्तिको सीमितता माथि विजय हाँसिल गर्नेछ। तर एउटा कुरा ख्याल गरौं कि विज्ञानका आविष्कारहरू मानव जातिको प्रगतिका लागि वरदान हुनु पर्दछ न कि मानवीय, वातावरणीय, सामाजिक र राजनीतिक ध्वंसका लागि।

## शिक्षामा खेलहरूको प्रभाव

रेहान गेलाल - ८ "भकुटी"



स्रोत: ***myrepublica.com***

खेल विद्यार्थीको जीवनको महत्त्वपूर्ण अङ्ग हो। खेलको मुख्य उद्देश्य भनेको मानिसलाई मानसिक, शारीरिक , नैतिक र सामाजिक रुपले विकास गर्नु हो। भनिन्छ नि 'स्वास्थ्य भनेकै सबैभन्दा ठूलो धन हो'। मानिस स्वस्थ हुनुमा खेलको महत्त्वपूर्ण भूमिका रहन्छ। खेलले दिनभरको तनाव, थकाईलाई कम गरी मानिसलाई

शरीरिक र मानसिक रुपले ताजापन महसुस पनि गराउँछ।

हरेक मानिसले आफ्नो जीवनमा कुनै न कुनै खेल पक्कै पनि खेलेको हुन्छ। चाहे त्यो बाहिर खेलिने खेल होस्, भित्र खेलिने खेल होस् वा मोबाइलमा खेलिने खेल होस्। यी सबै खेलहरूले हाम्रो जीवनमा अहम भूमिका खेलेको हुन्छ।

खेलका प्रकार तथा शिक्षामा खेलको सकारात्मक प्रभाव:

मोबाइलमा खेलिने खेल:
आजकालका विद्याथीहरूले मोबाइलमा खेलिने खेलहरूबाट धैरे नयाँ कुराहरू सिकेका छन्। वर्तमान समयमा विद्यार्थीहरू योजना बनाउन र त्यसको कार्यान्वयन गर्न धैरै सिपालु भएका छन्। विभिन्न मोबाइलमा खेलिने खेलहरू जस्तै माइनक्राफ्ट, रोब्लोक्सले हाम्रो दिमागको उचित प्रयोग गर्न सिकाउँछ।यसैगरी अहिले बच्चाहरू मोबाइलमा हुने गेमहरूबाट नै मनोरञ्जनको अनुभूति गरिरहेका छन् र त्यसका साथै नयाँ -नयाँ कुराहरू पनि सिकिरहेका छन्। शैक्षिक मोबाइल गेमहरूले बच्चालाई विभिन्न विषयहरू सिकाउन धैरै मद्धत पुर्याएको छ। यी विभिन्न गेमका कारण बालबालिकाहरूले इतिहास, कला, भाषाहरू सिक्न सक्छन्न्। गणित र विज्ञानजस्ता विभिन्न विषयबारे सामान्य ज्ञान पनि प्राप्त गर्न सक्छन्। भविष्यमा प्राय हरेक बालकको हातमा मोबाइल, कम्प्यूटर हुनसक्छ त्यसैले भविष्यका बालबालिकाहरूले घरमै सामान्य ज्ञान यी उपकरणहरूबाट प्राप्त सक्छन्।

भित्र खेलिने खेलहरू:
भित्र खेलिने खेलहरूले प्राय जस्तो हाम्रो सोच्ने क्षमता, रचनात्मकता आदिमा सकारात्मक प्रभाव पार्दछ। बाघचाल, चेस जस्ता खेलहरूले सामान्य संज्ञानात्मक क्षमता र शैक्षिक उपलब्धि सुधार्न अति आवश्यक भूमिका खेलेको हुन्छ। टेबल टेनिस जस्तो खेलले विद्यार्थीको सतर्कता र एकाग्रतालाई सुधार्छ। लुडो,क्यारम जस्ता खेलहरूले पनि हाम्रो सृजनशीलतामा विकास गर्छ।यसका साथसाथै यी खेलले योजना बनाउने क्षमता पनि विकास गर्दछ। कार्ड गेमहरूले पनि हाम्रो दिमागलाई तिखो र सक्रिय बनाउन सहयोग गर्दछ। यसले बालबालिकाहरूलाई रमणीय वातावरण प्रदान गर्दछ।

बाहिर खेलिने खेल:
बाहिरी खेलहरू हाम्रो जीवनमा धैरै महत्वपूर्ण हुन्छ। बाहिरी खेलले हाम्रो शारीरिक र मानसिक विकास मात्र नभई शिक्षाका लागि पनि विशेष भूमिका खेलेको हुन्छ।बच्चाहरूले खेल्ने विभिन्न खेल जस्तै फुटबल, भलिबल, आदिले एकअर्कासँग अन्तरक्रिया गर्न सिकाउँछ। यसका साथसाथै यी खेलहरूले आत्म विश्वास बढाउन, योजना बनाउन, एकता कायम गर्न पनि सिकाउँछ। बाहिरी खेलबाट हामी स्वस्थ हुनका साथसाथै रचनात्मकतालाई पुन: पूर्ति गर्न पनि सक्छौं। बाहिरी खेलहरूले प्रत्यक्ष रूपमा बालबालिकाहरूमा आवश्यक जीवन कौशल वृद्धि गर्न धैरै ठूलो योगदान पुर्याएको हुन्छ।विद्यार्थीहरूमा बाहिरी खेलले गर्दा सञ्चार, नेतृत्व र सहयोगी भावनाको विकास हुन्छ।

शिक्षामा खेलको नकारात्मक प्रभाव:
अत्याधिक गेम खेल्दा विद्यार्थीहरूको दिनको सबैभन्दा रचनात्मक समय बर्बाद हुँदै गइरहेको छ। अहिलेका विद्यार्थीहरू पब्जी, फ्रिफाएर खेल्न बिर्सिदैनन् तर पढ्न, लेख्न भने बिर्सिन्छन्। आजकालको विद्यार्थीहरूमा पढाइप्रतिको आकर्षण कम हुँदै गएको छ। विद्यार्थीहरू अहिले अनलाइन गेम खेलेर समय बर्बाद गरिरहेका छन्।

मोबाइल गेम जस्तै बाहिरी र भित्री खेलहरूका पनि केही नकारात्मका असरहरू छन्। भित्री खेलका कारण मानिसहरू फूर्तिला बन्न सक्दैनन्। बालबालिकाहरूको दिमागले घरभित्रको वातावरणमा मात्र कार्य गर्न सक्छ र त्यसैले बाहिर जाँदा ,काम गर्दा अल्छी लाग्छ। बाहिरी खेल खेल्न रुचाउने बालबालिकालाई बाहिर खेल्दा समयको भय हुँदैन, जसका कारण उनीहरूको पढाइमा नकारात्मक प्रभाव पर्छ।

समाधानका उपाय:
यी सबै नकारात्मक असरहरूलाई हामीले नियन्त्रण गर्न सक्छौं। हामीले धैरै समय सम्म मोबाइल नचलाउने, गेम कम खेल्ने र खेले पनि शैक्षिक खेलहरू खेल्नुपर्छ। हामीले धैरै समय घरभित्रै बसी बाहिरको वातावरणसँग घुलमेल नहुने गर्नुहुँदैन। हामी उर्जावान् बन्नु जरुरी छ। हामी बाहिर खेल्न जाँदा आफ्नो सबै काम सकाएर, थोरै समयसम्म खेल्न जानुपर्छ।

हामीले यी खेलहरूमा धैरै समय नबिताई खेल र पढाइलाई सन्तुलनमा ल्याउन सके हाम्रो जीवन राम्रो र सफलसँग अगाडि बढ्न सक्छ।

## संविधान सभा

श्रीजा घिमिरे - ९ “अरनिको”

संविधान देशको मूल कानुन हो। संविधान बिना देश नै चलाउन सकिदैन। राज्य सञ्चालन सम्बन्धमा नागरिकका चाहाना र आकाङ्क्षाहरू व्यक्त भएको राजनीतिक एवम् कानुनी लिखित नै संविधान हो। अर्को भाषामा सरकारका अङ्गहरूबीच शक्तिको बाडफाड तथा

नियन्त्रण र सन्तुलनका लागि व्यवस्था गरिएको कानुनी दस्ताबेज नै संविधान हो। देशको संविधान तर्जुमा गर्नका लागि जनताबाट निर्वाचित जनता प्रतिनिधिहरूको सभा नै संविधान सभा हो। संविधानले नै नागरिक र सरकारका अधिकार एवम् कर्तव्यहरूको सुनिश्चित गरेको हुन्छ।



स्रोत: ***nepalpress.com***

संविधान सभामा जम्मा ६०१ सदस्यहरू हुन्छन्। ती मध्ये पहिलो हुने निर्वाचित प्रणालीबाट २४० जना छानिन्छन्। यसै गरी समानुपातिक प्रणालीबाट ३३५ जना छानिन्छन्। अनि राष्ट्रिय जीवनमा योगदान पुर्‍याएको विशेष मानिसहरू र दुवै निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुन नसकेको आदिवासी,अशक्त मध्येबाट सहमतिका आधारमा मन्त्रीपरिषद्बाट मनोनयन हुने २६ जना सदस्य छानिन्छन्। यसै गरी ६०१ जना सदस्यहरू छानिन्छन् ।

संविधान सभाको निर्वाचन पहिलो पटक वि. सं. २०६४ चैत्र २८ गते र दोस्रो पटक वि. सं २०७० मंसिर ४ गते सम्पन्न भएको थियो। संविधान सभाको कार्यालयमा पहिलो बैठक बसेको ४ बर्षसम्मका लागि हुने व्यवस्था गरिएको थियो तर देशमा संकटकालीन अवस्थाको घोषणा भई संविधान निर्माण गर्ने कार्य पूरा हुन नसकेमा ६ महिना म्याद थप गर्न सकिने व्यवस्था रहेको थियो। पटक पटक म्याद थप्दा पनि संविधान जारी हुन नसकेपछि संविधान सभाको बिघटन भएको थियो। अनि सर्वोच्च अदालतमा बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा चुनावी सरकार गठन भई उक्त सरकारले संविधान सभाको निर्वाचन दोस्रो पटक वि. सं २०७० मंसिर ४ गते सम्पन्न गरिएको थियो।

जनताका प्रतिनिधिहरू रहेको संविधान सभाबाट पहिलो पटक नेपाल संविधान वि.सं. २०७२ असोज ३ गते सातौं संविधानको रुपमा जारी गरिएको थियो। यसमा ३५ भाग, ३०८ धारा, ९ अनुसूची थियो। यो जनप्रतिनिधिको संविधान सभाबाट तर्जुमा राष्ट्रपति रामवरण यादवद्‌वारा जारी गरिएको थियो। यसले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र भनी उल्लेख गरेको छ। नेपालमा संविधान तर्जुमा गर्दा जन प्रतिनिधिहरूको समावेशी सहभागिता लोकतान्त्रिक शासन व्यवस्थालाई दिगो र संस्थागत गर्ने उद्‌देश्यका साथ संविधान सभा गठन गरिएको हो। लिङ्ग, क्षेत्र, जातजाति, भाषा र जनसंख्याका आधारमा समेत प्रतिनिधित्व हुने गरी संविधान सभाको गठन भई जन प्रतिनिधिहरूको सहभागिता सुनिश्चित हुने भएकोले संविधान सभा सहभागितामूलक हुने गर्दछ।

संविधान सभाका धेरै विशेषताहरू छन्। ती हुन् :

1. ३१ ओटा मौलिक हकको व्यवस्था गरिएको छ।
2. संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था गरिएको छ।
3. संविधान सभाबाट तर्जुमा गरी राष्ट्रपतिबाट जारी गरिएको छ।
4. राज्यको सर्वोच्च शक्ति जनतामा निहित हुनु आदि ।

## सोफिया (रोबोट)

मून जोशी - ८ “भृकुटी”

सोफिया हङकङस्थित कम्पनी ह्यान्सन रोबोटिक्सले विकास गरेको सामाजिक मानवीय रोबोट हो। सोफियालाई विश्वभरका मिडियाले कभर गरेका छन् र धेरै उच्च प्रोफाइल अन्तरवार्ताहरूमा सोफियाले भाग लिइसकेको छ। अक्टोबर सन् २०१७ मा सोफियालाई साउदी अरेबियाको नागरिकता दिइयो र कुनै पनि देशको नागरिकता प्राप्त गर्ने पहिलो रोबोट सोफिया नै बनेको थियो। नोभेम्बर सन् २०१७ मा सोफियालाई संयुक्त राष्ट्र विकास कार्यक्रमको पहिलो इनोभेसन च्याम्पियन नाम दिइएको थियो र ऊ पहिलो नागरिकता प्राप्त गर्ने गैर-मानव पनि हो।

सोफियालाई पहिलो पटक फेब्रुअरी १४, सन् २०१६ मा सक्रिय गरिएको थियो। पुरातन इजिप्टकी रानी नेफर्टिटी, अड्रे हेपबर्न र यसको आविष्कारक पत्नी अमान्डा ह्यान्सनपछि मोडल गरिएको रोबोट अघिल्लो रोबोट भेरियन्टहरूको तुलनामा मानवजस्तो रूप र व्यवहारको लागि परिचित छ। सोफिया डिजाइन गरिएको AI प्रणालीमा समावेश छ भन्ने कुरा सोफिया बनाउने कम्पनीका पूर्व प्रमुख वैज्ञानिक बेन गोर्टजेलले स्वीकार गरेका छन्। सोफियाले मानव इशाराहरू र अनुहारको अभिव्यक्तिको नक्कल गर्छ र केही प्रश्नहरूको जवाफ दिन र पूर्वनिर्धारित विषयहरूमा (मौसमका बारेमा) सरल कुराकानी गर्न सक्षम छ। सोफियाले अल्फाबेट इंक (गुगलको मूल कम्पनी) बाट वाक पहिचान प्रविधि प्रयोग गर्दछ र यसलाई समयसँगै स्मार्ट हुन डिजाइन गरिएको छ। गाउनको लागि सोफियाको इन्टेलिजेन्स सफ्टवेयर ह्यान्सन रोबोटिक्सले डिजाइन गरेको हो। AI कार्यक्रमले कुराकानीको विश्लेषण गर्दछ र डेटा निकाल्छ जसले यसलाई सुधार गर्न अनुमति दिन्छ।



स्रोत: ***wonderlandmagazine.com***

ह्यान्सनले सोफियालाई वृद्धवृद्धाहरूका लागि नर्सिङ होमहरूमा उपयुक्त साथी बन्न वा ठूला कार्यक्रमहरू वा पार्कहरूमा भीडलाई मद्दत गर्न डिजाइन गरे। उनले रोबोटले अन्ततः सामाजिक सिपहरू प्राप्त गर्न पर्याप्त रूपमा अन्य मानिसहरूसँग अन्तरक्रिया गर्न सक्छ भन्ने आशा राखेका छन्। सोफियालाई सामाजिक रोबोटको रूपमा मार्केट गरिएको छ जसले सामाजिक व्यवहारको नक्कल गर्न र मानिसहरूमा प्रेमको भावना जगाउन सक्छ। सोफियाका कम्तीमा नौ रोबोट ह्युमनोइड छन् जसलाई ह्यान्सन रोबोटिक्सद्वारा पनि सिर्जना गरिएको थियो। कम्प्युटर भिजन एल्गोरिथ्मले सोफियाको आँखा भित्रको क्यामेराबाट इनपुट प्रशोधन गर्छ र सोफियालाई यसको वरपरको दृश्य जानकारी दिन्छ। यसले अनुहारहरू पछ्याउन सक्छ, आँखाको सम्पर्क कायम राख्न सक्छ।

जनवरी सन् २०१८ को आसपासमा, सोफियालाई कार्यात्मक खुट्टा र हिड्ने क्षमताको साथ अपग्रेड गरिएको थियो। सीएनबीसीले सोफियाको जीवन समान छाला र ६० भन्दा बढी अनुहारको अभिव्यक्ति अनुकरण गर्ने क्षमतामा टिप्पणी गरेको छ।

नोभेम्बर-२१ , सन् २०१७ मा सोफियालाई एसिया र प्रशान्तको लागि संयुक्त राष्ट्र विकास कार्यक्रमको पहिलो इनोभेसन च्याम्पियन नाम दिइएको थियो। एसिया र प्यासिफिक एण्ड ग्लोबल इनिसिएटिभ्समा यूएनडीपीले आयोजना गरेको कार्यक्रम सिंगापुरमा भएको रिस्पोन्सिबल बिजनेस फोरममा यो घोषणा गरिएको हो। स्टेजमा, यसलाई यूएनडीपी एसिया प्यासिफिक नीति तथा कार्यक्रम प्रमुख, ज्याको सिलियर्सले आफ्नो पहिलो काम तोकेका थिए। सोफिया चार्ली रोजसँग सीबीएस ६० मिनेट, पियर्स मोर्गनसँग गुड मर्निङ ब्रिटेन, र सीएनबीसी, फोर्ब्स, म्यासेबल, न्यु योर्क टाइम्स,वाल स्ट्रीट जर्नल, द गार्डियन, र जिमी फलोन अभिनीत टुनाइट शो जस्ता आउटलेटहरूमा देखा पर्‍यो। सोफियालाई AUDI को वार्षिक रिपोर्टमा चित्रित गरिएकोले सोफिया द ह्वाइट किङ् लगायत भिडियो र सङ्गीत भिडियोहरूमा पनि देखा परेको छ र पप गायक लिहोम वाङको म्युजिक भिडियो A.I.A मा प्रमुख महिला पात्रको रूपमा सोफिया लुकलाइकलाई ड्र्याग क्वीन गिगी गुडले बाह्रौं सिजनको "स्न्याच गेम" एपिसोडमा चित्रण गरेको थियो। RuPaul को ड्र्याग रेस, Goode BRGV ले सोफियामा आधारित उनको चरित्र ‘मारिया द रोबोट’ को साथ एपिसोड जित्यो र फ्रिट्ज ल्याङ फिल्म मेट्रोपोलिसमा चित्रित रोबोटको नाम दिइएको छ।

## आधुनिक युगमा पत्रपत्रिकाको भूमिका

बिभु उपाध्याय - ८ “जानकी”

आजको यस एक्काईसौं शताब्दीमा आफ्नो देशको समाचार अथवा देश विदेशमा घटेका घटनाहरूको बारेमा जान्न अति आवश्यक छ। यस्तो अभिप्रायको लागि पत्रपत्रिकाले खेल्ने भूमिका पनि अत्यन्तै प्रभावकारी भएको देखिन्छ। पत्रपत्रिकाहरूको सूचना तथा अध्ययनको साहारा विना कुनै पनि क्षेत्रको विकास सम्भव छैन। यी संचारका एक भरपर्दा साधन हुनुका साथै हरेक मानिसका लागि ज्ञानआर्जन गर्ने एक भरपर्दो स्रोत पनि हो। पत्रपत्रिका नपढ्ने मानिसलाई अनविज्ञ भएको मानिन्छ किनकि जति मानिसहरूले पत्रपत्रिकाहरू पढ्ने बानी गर्दैनन्, त्यतिनै उनीहरूको साहित्य तथा लेखन शैली राम्रो हुन सक्दैन।

कतिपय समसामायिक कुराहरू किताबहरूमा नभएर पत्रपत्रिकामा हुने गर्दछ। विभिन्न अध्ययन गर्न लायकका सन्देश र जानकारीमूलक सत्य तथ्य कुराहरू किताबहरूमा प्रकाशित भएको हुँदैन जुन पत्रपत्रिकामा आउने गर्दछ। हाम्रो देशमा विभिन्न प्रकारका पत्रपत्रिकाहरू प्रकाशित हुने गरेका छन्। नेपाल अधिराज्यभरि दैनिक रुपमा प्रकाशित हुने राष्ट्रिययस्तरका पत्रपत्रिकाहरूमा गोरखापत्र, कान्तिपुर, नागरिक, नेपाल समाचारपत्र, हिमालयन टाइम्स, द राइजिङ नेपाल, द काठमाडौं पोस्ट र अन्नपूर्ण पोस्ट आदि इत्यादि प्रमुख रहेका छन्। खेलकुद, कला, नाटक, इतिहास, साहित्य, राजनीति, कुटनीति, आर्थिक गतिविधि, व्यापार, धर्म, कृषि आदि लगायत जस्ता हरेक कुराहरूलाई समेटेर एक पत्रिका बन्दछ। यी देहायका विभिन्न क्षेत्रहरूमा अघि बढ्न र सफलता पूर्वक ज्ञान प्राप्त गर्नको लागि सहज र सहयोगी हुने भएकाले आधुनिक युगमा पत्रपत्रिकाको ठूलो योगदान रहेको छ। यिनै कारणहरूले गर्दा पत्रकार, पत्रपत्रिकालाई राष्ट्रको चौथो अङ्ग पनि भनिन्छ। नेपालको पहिलो पत्रिका गोर्खा भरत जीवन भारतको बनारसबाट शुरुवात र प्रकाशित भएको थियो जुन विक्रम संवत १८८६ मा शुरु भएको थियो। आजभोलि मानिसहरू सामाजिक सञ्जालमा खबर आएको हेर्छन् तर अधिकांश रुपमा आएका त्यस्ता खबर भने साँचो हुँदैनन्। उदाहरणका लागि मानिसले कोरोना महामारीको बखतमा पत्रपत्रिकाहरू सहज रुपले

पढ्न नपाउदा आफ्नो फोनमा समाचार हेर्थे र कति झुठो खबरलाई साचो मान्थे। यस्तै गरि सन् २००१ मा भएको दरबार हत्याकाण्डको खबर पत्रपत्रिकामै आएको थियो। यदि त्यो खबर पत्रिकामा नआएको भए त्यस्तो महत्वपूर्ण र कौतुहल समाचार नेपाली जनताहरूले थाहा नपाउने थिए होलान् तर पत्रपत्रिकाहरूको त्यतिखेरको भूमिकालाई आजसम्म पनि अत्यन्त महत्वपूर्ण समाचार बाहकको रुपमा सबै पाठकहरूले प्राथमिकताका साथ लिएका छन्।

पत्रपत्रिकाहरू विभिन्न प्रकारका हुन्छन् र ती निश्चित समयमा प्रकाशित हुने गर्दछन्। बिहान सबेरै उठेर पत्रिका पढ्दा दिमाग चुस्त र फुर्तिलो हुन्छ। अहिलेको समयमा मानिसहरू बिहान उठ्ने बितिकै समाचार हेर्न र पढ्नको लागि आफ्नो फोनलाई माध्यम बनाउने गरिएको पाइएको छ, तर यसलाई हामीहरूले कहिलेपनि पत्रिकाको विकल्प मान्नु हुँदैन किनभने यसरी नियमित पढ्ने बानीले गर्दा हाम्रो साहित्य पनि राम्रो हुन्छ। बालबालिकाका लागि विभिन्न बालपत्रिकाहरू पनि उपलब्ध छन्। बालबालिकाले सानै उमेरदेखि पत्रपत्रिका पढ्न थाले भने उनीहरूमा नयाँनयाँ कुरा जान्ने इच्छा पनि बढ्दै जान्छ। अहिलेको युग भनेको प्रतिस्पर्धाको युग हो र अहिलेको समकालीन विश्वमा विकासको गति पनि उत्तिकै तिव्र रुपमा अघि बढिरहेको छ। कुनै पनि सार्वजनिक तथा निजी कम्पनीले आफू प्रतिस्पर्धाको होडबाजीमा अगाडि आउन (विज्ञापन तथा बजार मूल्य प्रयोजनको लागि) र पाठक वर्गको ध्यानाआकर्षण गराउनको लागि भए पनि पत्रपत्रिकाहरूलाई नै सहारा लिने उत्तम विकल्पको रोजाईमा राख्ने गर्दछन्।

अन्त्यमा , यस आधुनिक युगलाई मध्यनजरमा राखी हेर्दा पत्रपत्रिका सञ्चारको एकदमै भरपर्दो माध्यम हो। विश्वको एक कुनादेखि अर्को कुनासम्म घटेका ताजा-ताजा घटनाहरूको यथार्थ विवरणहरू संसार भरिनै समयमै पुर्याउने अभिभारा पत्रपत्रिकाहरूले लिएर विकासको गतिलाई समेत महत्वपूर्ण टेवा पनि पुर्याउदै आएका छन्।

## नेपाली सिनेमाको इतिहास

प्रशान्त तिम्सिना - १० “ग्रेटवाल”

सिनेमा भन्नाले मानिसको कला र कल्पनाले बनेका चलचित्र बुझिन्छ। यस चलचित्रमा कथा र पठकथाका साथसाथै कलाकार, निर्माता र निर्देशकको संयुक्त भूमिका हुने गर्दछ। सिनेमाद्वारा देशको संस्कृतिलाई थुप्रै ढङ्गबाट प्रस्तुत गर्न सकिन्छ। उदाहरणका रुपमा ; प्रेम, हाँस्य, ऐतिहासिक, पारिवारिक, रहस्मय, आदि लिन सकिन्छ। यसैगरी विश्व भरिका देशहरूको आफ्नै सिनेमा जगत हुने गर्दछ र नेपालको पनि आफ्नै सिनेमा जगत छ, जसलाई विश्वभरि 'कलिउड' भनेर चिनिन्छ। कलिउड शब्द काठमाडौँ र हलिउड शब्द मिलेर बनेको हो।



स्रोत: ***onlinekhabar.com***

नेपाली सिनेमाको इतिहास भने खासै लामो छैन। नेपाली भाषामा बनेको पहिलो चलचित्र चाहिँ सन् १९५१को सत्य हरिश्चन्द्र थियो जुन भारतको कलकत्तामा बनेको थियो। त्यसैले यस चलचित्रलाई नेपालको चलचित्र भन्न मिल्दैन। नेपालमा बनेको पहिलो चलचित्र 'आमा' थियो र त्यो चलचित्र वि.सं. २०२१ मा प्रदर्शन भएको थियो। चलचित्र उद्योगको स्थापना हुनुभन्दा अघि नै लगभग एक दशक पहिला रेडियो नेपालको स्थापना भएको थियो। यसले नेपाली साङ्गितिक क्षेत्रका दिग्गजहरू जस्तै; नारायण गोपाल, गोपाल योन्जन, तारा देवी, प्रेमध्वज प्रधान, उदितनारायण झा जस्ता गायकले आफ्नो कला प्रदर्शनका लागि एउटा राम्रो मञ्च पाए तापनि अरू कलाकारले भने त्यस्तो मञ्च पाएका थिएनन्। त्यो मञ्च भने नेपालको पहिलो चलचित्र 'आमा'ले प्रदान गरेको थियो। यस चलचित्रमा खेलेका कलाकारहरू नेपालका पहिला कलाकारहरू मध्ये एक मानिन्छन्। यी कलाकारहरूमा शिवशङ्कर श्रेष्ठ, वसुन्धरा भुसाल, भुवन चन्द आदि रहेका छन्। त्यसपछि नेपालमा थुप्रै मानिसहरूले प्रोत्साहित भई चलचित्रहरू बनाउन थाले। नेपाली सिनेमाका केही शुरूवाती वर्षहरूमा भारतीय सिनेमाका दिग्गजहरूले ठुलो भूमिका खेलेका छन्। वि.सं २०२३ मा बनेको चलचित्र 'माइती घर' मा नेपाली मुलकी बलिउड अभिनेत्री माला सिन्हाले मुख्य भूमिका खेलेकी थिइन् भने यसका साथसाथै लता मंगेश्कर, उषा मंगेश्कर, आशा भोस्लेजस्ता गायकगायिकाहरूले यस चलचित्रमा गीत गाएका थिए।

त्यसपछिका केही वर्षहरूमा नेपालमा प्रेमात्मक चलचित्र बनाउन थालियो। वि.सं २०४० को दशकमा भुवन के.सी., शिव श्रेष्ठ र राजेश हमाल जस्ता अभिनेताहरूको उत्पत्ति हुन थाल्यो। यस दशकमा नेपाली सिनेमाको मुहार मानिने चलचित्र प्रदर्शन भयो। यस चलचित्रको नाम 'कुसुमे रुमाल' हो। यो चलचित्र वि.सं २०४२ मा प्रदर्शन भएको थियो। यो चलचित्र नेपाल अधिराज्य भरि १०० दिन भन्दा बढी दिनसम्म चल्न सकेको पहिलो चलचित्र

थियो। त्यसपछि नेपालमा यस्तै चलचित्रहररूले नेपाली दर्शकहरू माझ छुट्टै पहिचान बनाउन सफल भयो। त्यसपछि वि.सं २०५० को दशकमा नेपालमा एक्सन क्षेत्रमा चलचित्र बनाउन थालियो जसमा एउटा हिरोले थुप्रै गुन्डाहरूलाई कुट्ने दृश्यहरू राख्न थालियो। यस धारणालाई नेपालका दर्शकले रुचाए। त्यसैले यस्ता चलचित्र बनाउन थालियो।

तर, केही समयपछि वि.सं २०५८ सालतिर जब नारायणहिटी दरबार हत्याकाण्ड भयो, यसले नेपाली चलचित्र उद्योग सँगसँगै अरू थुप्रै क्षेत्रहरू प्रभावित हुन थाले। तर यसै समयको बिचमा वि.सं २०५८ सालमा नै नेपालको अर्को ऐतिहासिक चलचित्र 'दर्पण छाया' प्रदर्शन भयो, जसले कुसुमे रुमालले बनाएको पछिल्लो सबै कीर्तिमानलाई पछाडि पारेर अरू नयाँ कीर्तिमान रच्यो। यस चलचित्रको गीत 'लहनाले जुरायो कि' नेपालको लोकप्रिय गीत बन्न पुग्यो जसलाई नेपालभरिका हरेक कार्यक्रममा बजाउन थालियो। त्यस पश्चातको वि.सं २०६० को दशकमा जब राजनीतिक विवादहरू रोकिन थालेपछि चलचित्र जगतले फेरि निरन्तर रुपमा चलचित्र प्रदर्शन गर्न थाल्यो। यस दशकमा स्वर्गीय श्री कृष्ण श्रेष्ठ, निखिल उप्रेती, बिराज भट्ट, आर्यन सिग्देल जस्ता कलाकारहरूको उत्पत्ति भयो। अबको बेला नेपाली सिनेमाले अलि विदेशी धारणामा आधारित चलचित्र बनाउन थालियो र यो क्रम आजसम्म पनि चलिरहेको छ। तर, चलचित्र उद्योगको स्थापना भएको छ दशक पछि पनि यहाँ बनेका कुनै पनि चलचित्रले विश्व जगतमा प्रसिद्ध भएको छैन।